मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

**“हाम्रो संस्कृति, हाम्रो गौरव”**

किराँत समुदायको महान् पर्व उभौली एवम् चण्डी पूर्णिमाका उपलक्ष्यमा कोशी प्रदेश तथा देश विदेशमा रहनु भएका सम्पूर्ण किराँत समुदायप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु। उभौली पर्वलाई ऋतु परिवर्तनको संकेत दिने पर्वको रूपमा चिनिन्छ। यस पर्वको पहिलो दिन "चण्डी नाच" नाच्ने चलन छ, जुन नाचद्वारा प्रकृतिको आराधना गर्ने गरिन्छ।

कोशी प्रदेश बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक प्रदेश हो। विविध मौलिकतायुक्त धर्म, संस्कृति, परम्परा, रीतिरिवाज र चाडपर्वले हाम्रो प्रदेशलाई साँस्कृतिक रुपमा समृद्ध बनाएका छन्। किराँत समुदायले मनाउने उभौली पर्वको आफ्नै विशिष्ट महत्व र मौलिकता रहेको छ। अन्नबाली लगाउने समयमा मनाइने उभौली पर्व बालीनालीमा रोगव्याधि नलागोस्, बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोपबाट हानी नोक्सानी नहोस् भन्ने कामनाका साथ मनाउने चलन रहेको छ। यस पर्वको अवसरमा बालिनालीका रक्षक तत्वहरू जस्तै प्रकृति, हावापानी, देवीदेवता र भूमिको पूजा गर्ने गरिन्छ। साथै साकेला नाच नाच्दै, शुद्ध तनमनले सृष्टिकर्ता र प्रकृतिको पूजा गरेपछि बालिनाली राम्रो हुनुका साथै सबैको कल्याण हुन्छ भन्ने मान्यता रही आएको छ।

कोशी प्रदेश सबै धर्म, संस्कृति, परम्परा र रीतिरिवाजको संरक्षण र संवर्धनमा प्रतिबद्ध छ। यस प्रदेशमा बसोबास गर्ने सबै जातजाति र समुदायको पहिचानलाई स्थापित गर्दै विविधतायुक्त सामाजिक संरचनाको विशिष्टता प्रवर्धन गर्न प्रदेश सरकार क्रियाशील रहेको छ। खुवालुङजस्तो पवित्र सांस्कृतिक धरोहरदेखि महागुरु फागुनन्दको पवित्र स्थल कोशी प्रदेशमा नै छन्। यसले पनि हाम्रो प्रदेशको विशिष्ट साँस्कृतिक र धार्मिक पहिचानलाई उजागर गरेको छ। हाम्रा मौलिक पर्व र उत्सवले आपसी एकता, सद्भाव र भाइचारा अभिवृद्धि गर्दै "समृद्ध नेपाल, सुखी नेपाली "को राष्ट्रिय आकांक्षालाई पूरा गर्न मद्दत पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, उभौली र चण्डी पूर्णिमा पर्वका माध्यमबाट सबैमा सुख, शान्ति, समृद्धि र विकासको लक्ष्यलाई पुरा गर्न प्रेरणा प्राप्त हुन सकोस् भन्ने कामना गर्दछु।

१८ वैशाख २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री